झापा जिल्ला अदालत
भद्रपुर, झापा

# झापा जिल्ला अदालतबाट जारी गरिएको सूचना

उपरोक्त सम्बन्धमा कोरोना भाइरसका कारण सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६।१२।७ को निर्णय एवं विभिन्न मितिका निर्देशन बमोजिम अदालतका काम कारवाही सीमित मात्रामा सञ्चालन हुदै आएकोमा सर्वोच्च अदालत बृहत पूर्ण इजलासको मिति २०७७।२।१५ को आदेश बमोजिम बन्दाबन्दी खुलेपछि सेवा सञ्चालन गर्नुपर्ने र नेपाल सरकारको निर्णय बमोजिम मिति २०७७।४।७ गतेदेखि बन्दाबन्दी खुलेको सन्दर्भमा सर्वोच्च अदालत बृहत पूर्ण इजलासको उक्त मिति २०७७।२।१५ को आदेश बमोजिम मिति २०७७।४।८ गतेदेखि छोटो दूरीका यातायात सञ्चालन हुने भएकाले मिति २०७७।४।८ गते देखि देहाय बमोजिम गर्ने व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. नेपाल सरकारको निर्णय बमोजिम २०७७।४।७ गतेदेखि बन्दाबन्दी खुलेको हुँदा जिल्ला भित्रका सेवाग्राहीका लागि २०७७।४।८ देखि मुद्दामा ३० दिनको हदम्याद म्याद र तारिख लागू हुने।

२. लामो दुरीका सवारी साधन (यातायात) २०७७ भाद्र १ गते देखि सञ्चालन हुने भएकाले जिल्ला बाहिरका सेवाग्राहीका लागि ३० दिनको हदम्याद, म्याद र तारिख २०७७ भाद्र १ गतेदेखि लागु हुने, सो अवधि अगावै उपस्थित हुन बाधा पर्ने छैन।

३. बन्दाबन्दी खुलेको अवस्था भएपनि कोरोना भाइरसको अन्त्य भई नसकेको हुँदा स्वास्थ्य सुरक्षा अपनाउनु पर्ने वा भिडभाड काम गर्ने उद्देश्यले २०७७।४।११ गते देखि फिराद तथा प्रतिउत्तर दर्ता गर्ने प्रयोजनका लागि तत्कालको लागि देहाय बमोजिमको इलाकाको फिराद तथा प्रतिउत्तर देहाय बमोजिमको दिन दर्ता गर्ने व्यवस्था मिलाइएको छ।

क) आइतबार :- भद्रपुर न.पा., हल्दिबारी, बाह्रदशी र कचनकवल गा.पा.

ख) सोमबार :- बिर्तामोड र अर्जुनधारा न.पा

ग) मंगलबार :- मेचीनगर न.पा. र बुद्धशान्ति गा.पा.

घ) बुधबार :- शिवसताक्षी, गौरादह न.पा. र गौरीगंज गा.पा.

ङ) विहिबार :- दमक न.पा. र कमल गा.पा.

च) शुक्रबार :- कनकाई न.पा. र झापा गा.पा.

४. अदालतमा हुनसक्ने भिडभाडलाई व्यवस्थापन एवं न्यूनीकरण गरी २०७७।४।११ देखि मुद्दाको कारवाही सुचारू गर्ने,

२०७७।४।८

थेम्तेदार
उप-सचिव